Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/25**

**2025**

# NEPALI

## ( Modern Indian Language )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

General Instructions :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही उत्तर पत्तो लगाई उत्तरपत्रमा लेख : 1×10=10

(क) कसको घरमा बिहाको भोज थियो?

*(i)* कोकलेको घरमा

*(ii)* धनवीरको घरमा

*(iii)* चामेको घरमा

*(iv)* जुठेको घरमा

(ख) ''ताजा शत्रु नयाँ कित्ता देखेर क्रोधी दानवहरूको ब्रह्माण्ड जल्यो।''
माथिको वाक्यमा 'ताजा शत्रु' कसलाई भनिएको छ?

*(i)* वरुणलाई

*(ii)* मातलीलाई

*(iii)* दशरथलाई

*(iv)* इन्द्रलाई

(ग) ''झूट कुरालाई सत्य मान्दा जे जे हानि हुन्छ ती सब हानि।''
माथिको वाक्य कसलाई भनिएको हो?

*(i)* साहिंलीलाई

*(ii)* आमालाई

*(iii)* चन्द्रबहादुरलाई

*(iv)* चतुरेलाई

(घ) खेतलाई लिएर कसको बीचमा झगडा चलिआएको थियो?

*(i)* ईर्षालु दाजुभाई

*(ii)* गोविन्द पण्डित र गोरे जमदार

*(iii)* मास्टर र कैयाँ

*(iv)* रामे र बलभद्र

(ङ) ''कल्हणको 'राजतरंगिणी' औ कुमाउँ र गढवालका इतिहासमा खसजातिको वर्णन पाइन्छ।''
माथिको वाक्य कुन पाठमा पाइन्छ?

*(i)* 'कैकेयी' कथामा

*(ii)* 'शत्रु' कथामा

*(iii)* 'गुन्द्रुकको पुकार' निबन्धमा

*(iv)* 'नेपाली हाम्रो मातृभाषा' निबन्धमा

(च) ''नसुनेको कुरो पनि हाम्रो ______
शिक्षकले आज केही हुँदै हुँदैन।''

तल दिइएको विकल्पबाट सही शब्द छानी माथिको वाक्य पूरा गर।

*(i)* तरुण

*(ii)* नयाँ

*(iii)* पुराना

*(iv)* गोर्खाली

(छ) ''सपना मैले के देखें आज? भैंसीले लगाऱ्यो।''
माथिको पङ्क्तिमा कसलाई भैंसीले लगाऱ्यो?

*(i)* मुनालाई

*(ii)* मदनलाई

*(iii)* भोटेलाई

*(iv)* शहरिया गुण्डालाई

(ज) ''बाटामा सही अनेक कष्ट लक्ष्यको टुनामा।''
माथिको पङ्क्तिमा 'कष्ट' शब्दको पर्यायवाची के हुन्छ?

*(i)* दुःख

*(ii)* भाग्य

*(iii)* आनन्द

*(iv)* प्राप्त

(झ) इन्दिराको कति वर्षको उमेरमा बिहे भएको थियो?

*(i)* सातवर्षमा

*(ii)* आठवर्षमा

*(iii)* नौवर्षमा

*(iv)* दसवर्षमा

(ञ) मुकुन्दको पूरा नाम के हो?

*(i)* मुकुन्दप्रसाद शर्मा

*(ii)* मुकुन्द छेत्री

*(iii)* मुकुन्दलाल श्रेष्ठ

*(iv)* मुकुन्द बस्नेत

**2.** कोष्ठकमा दिइएका सही शब्द छानेर रित्तो ठाउँ पूरा गर : 1×5=5

(क) बन्द भो बोली, मनमनै रह्यो ______ पवित्र। (वचन/कुरा)

(ख) घाँस खान नपाएर भैंसीको पेट गाइनेको ______ जस्तो भै रहेछ। (मुरली/सारङ्गी)

(ग) कृष्णरायको एउटा अत्यन्त ______ बानी छ। (राम्रो/नराम्रो)

(घ) हाम्रो केही विराम भए ______ पो दिनुपर्दछ। (सुधारी/औंल्याई)

(ङ) विवाहमा ______ हाँसेर हिंड्दछन्। (लोग्नेमान्छे/स्वास्नीमान्छे)

**3.** तलका वाक्यमा भनिएका कुरा सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख : 1×5=5

(क) साहिंलीको मन लुगाको रङ्ग मिलाउनपट्टि लागिसकेको थिएन।

(ख) स्वर्गमा महाभयङ्कर भूकम्प मच्चियो।

(ग) आधुनिक शिक्षकको कालेज-जीवन एक विद्रोही विद्यार्थीको इतिहास छ।

(घ) लावा र फुचा भोटेका छोरा-छोरी हुन्।

(ङ) पुनाचा रूपनारायणको घरमा काम गर्ने नोकर हो।

## SECTION—II

( *Marks* : 30 )

**4.** तल दिइएका प्रश्नहरूका *5/6* वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 3×5=15

(क) 'आँखामा राखे पनि नबिझाउने' उखान किन कृष्णरायमाथि उपयुक्त हुन्थ्यो? बुझाएर लेख।

(ख) महारानी कैकेयी किन लडाई नगर्ने पक्षमा थिईन्? कैकेयीको कुरा सुनेपछि राजा दशरथले के भने?

(ग) खस-छेत्रीहरूको कसरी उत्पत्ति भयो? खस-छेत्रीमा मुख्य छेत्रीहरू को-को हुन्?

(घ) भवदेव र इन्दिरा-को बीचमा कस्तो कुराकानी चल्छ? इन्दिराको कुरा सुनेपछि भवदेवले के गर्ने निर्णय गर्छन्?

(ङ) ''हामीले आफ्नो प्राण बलिदान गरेर पनि त्यसको जिब्रोमा स्वाद चढाइदिन्छौं।'' यस वाक्यमा कसले कसरी आफ्नो प्राणको बलिदान दिएको छ? स्पष्ट पार।

(च) शहरिया गुण्डाले मुनालाई कस्तो रूपमा देखेर पागल भयो? मुनालाई फकाउँनका निम्ति गुण्डाले के-के उपाय गऱ्यो?

(छ) मदनले किन भोटे दाइलाई एक थैलो सुन दिन चाहे? त्यो सुनलाई देखेर भोटेले के भने?

(ज) चतुरे को हो? अङ्ग्रेजी पढेर चतुरेमा कस्तो परिवर्तन आएको छ?

**5.** (क) तल दिइएका शब्दका विपरीत शब्द लेख (कुनै **तीन**) : 1×3=3

भिक्षा ; योग ; भरी ; चञ्चल ; छर्छ।

(ख) तल दिइएका शब्दका पर्यायवाची शब्द लेख (कुनै **तीन**) : 1×3=3

शिर ; डाहा ; अमृत ; मृत्यु ; एकान्त ; पुण्य।

(ग) उपसर्ग छुट्टाऊ (कुनै **छ**) : ½×6=3

अचेत ; सुमार्ग ; प्रतिकूल ; दुर्दशा ; निस्सार ; संकल्प ; पराधीन ; उत्कर्ष।

(घ) तल दिइएका टुक्का प्रयोग गरेर वाक्य बनाऊ (कुनै **तीन**) : 1×3=3

*(i)* मन अमिलो हुनु

*(ii)* हात छोड्नु

*(iii)* मुटु चिसो हुनु

*(iv)* पीठ देखाउनु

(ङ) तल दिइएका उखानको अर्थ लेख (कुनै **तीन**) : 1×3=3

*(i)* आफू भलो त जगत भलो

*(ii)* नमच्चिने पीङको सय झड्का

*(iii)* उत्ताउली गाई बाघले खाई

*(iv)* खाई नपाई छालाको टोपी लाई

*(v)* लहरो तान्दा पहरो गर्जन्छ

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसँग व्याख्या गर (कुनै **दुई**) : 5×2=10

(क) त्यसैले त हो धनीले पनि हामीलाई बिल्कुलै नचाहेको होइन। उनीहरूको भोजभेजामा चाट दिने काममात्र हाम्रो हो। हामी त दीनदुःखीका सहारा हौं। यसैमा हामीले आफ्नो गौरव सम्झेका छौं।

(ख) महाराज, सुरालोक गजगज पाक्न लागिरहेछ, राजराजेश्वर इन्द्र दुःखको बङ्गरामा होइबक्सिन्छ। यहाँको भरलाग्दो मददलाई स्वर्ग स्वागत गरिरहेछ, चाँडै-चाँडै सवारी-होस्।

(ग) छ महीना भयो खसम हजुर! गएको ल्हासामा, बिर्स्यो पो क्या र? हजुरलाई तरुणी-खासामा। यसरी छोडी गएको देखी दिल दुख्छ मलाई, कमलको पातमा जीवनको थोपा रहन्छ कस्लाई?

(घ) ए, मैले उहाँ जाँदा भेटेथें, घरको कुरा गर्दथ्यो। ऊ मलाई त आफू नै ठान्दथ्यो, कतै उसको जीउमा काटे मेरोमा रक्त आउँथ्यो।

**7.** 'परालको आगो' कथाका पात्र चामे र जुठे-को गृहस्थी जीवनमा रहेको भिन्नता देखाऊ। 5

**अथवा**

''त्यसो त उही राम्रो लाग्छ नाइँ। तर राम्रो लागेर कागतको मान्छेसँग बिहे हुन्छ र?'' —यो वाक्य कसले किन भनेको हो? त्यो कागतको मान्छे कस्तो देखिन्छ?

**8.** नेपाली भाषा कुनै निश्चित जातको पेवा-भाषा होइन भनेर कसरी भन्न सकिन्छ? नेपालीहरूको भाषा एकनास हुन नपाएका कारणहरू के-के हुन्? लेख। 5

**अथवा**

इन्द्र राईद्वारा रचित 'आधुनिक शिक्षक' निबन्धमा आधुनिक शिक्षक कस्ता हुन्छन् भनिएको छ? स्पष्ट पार।

**9.** मुकुन्द किन कलकत्ता जान्छ? मुकुन्दले किन कसरी इन्दिराको परीक्षा लिन्छ? 5

**अथवा**

इन्दिराको चरित्र चित्रण गर।

**10.** मदनले कसरी मुनालाई सम्झाई-बुझाई ल्हासा जान्छ? मदनको अनुपस्थितिमा मुनालाई कस्तो अफठ्यारो पर्छ? 5

**अथवा**

मदनको चरित्र चित्रण गर।

**11.** तिम्रो स्कूलमा वार्षिक दिवस कार्यक्रम राम्ररी सम्पन्न भएको कुरा जनाउँदै तिम्रो साथीलाई पत्र लेख। 5

**12.** तल दिइएको कुनै **एउटा** विषय छानेर *150* शब्दभित्र निबन्ध लेख : 5

(क) घरेलु हिंसा

(ख) शिक्षाको महत्त्व

(ग) कुनै एक प्राकृतिक प्रकोप

(घ) राष्ट्रिय चाड

**13.** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूका उत्तर लेख :

हामीलाई थाहा छ कि सास फेर्न बन्द भएपछि हामी मर्छौं। यसैले हावा नै जीवन हो भन्नु पर्छ। हामीले अन्न, पानी नखाए पनि एक-दुई दिन बाँच्न सक्छौं तर हावा नपाए हामी एकछिन पनि बाँच्न सक्दैनौं। जब हामी सास लिन्छौं अक्सिजन ग्यास हाम्रो फोक्सोमा पसेर दूषित रगतलाई सफा गर्छ। सफा रगतसित मिलेर यो हाम्रो सारा शरीरमा घुम्छ। जब हामीले सास बाहिर फ्याँक्छौ त्यो दूषित सास कार्बनिक ग्यासको रूपमा परिणत हुन्छ। हामी जीवित रहुञ्जेल यसरी नै रक्त सञ्चालन भई अक्सिजन ग्रहण गर्छौं, कार्बन त्याग्छौं। जुनसुकै पदार्थ जलाउँदा अक्सिजन खर्च हुन्छ अनि धूवाँको रूपमा कार्बन उत्पन्न हुन्छ। दीयो, बत्ती, दाउरा, कोइला, ग्यास आदि जलाउँदा जति पनि धूवाँ निस्कन्छ त्यो कार्बन ग्यास हो। हावा सफा राख्नलाई घरका छेउछाउमा कुनै चीज कुहुन दिनु हुँदैन, कुहेका चीजहरू छन् भने माटोले पुरपार गरिदिनुपर्छ। चीजबीज कुहुनाले हावा दूषित हुन्छ। दूषित हावाले हामीहरूलाई मार्छ, शुद्ध हावाले हामीलाई बचाइराख्छ।

**प्रश्नहरू :**

(क) हावा नपाए हामी कति दिन बाँच्न सक्छौ? 2

(ख) कुन ग्यासले हाम्रो दूषित रगतलाई सफा गर्छ? 2

(ग) हामीले फ्याँकेको दूषित सास कुन ग्यासमा परिणत हुन्छ? 2

(घ) हावा सफा राख्नलाई के गर्नु पर्छ? 2

(ङ) माथिको अनुच्छेदको उचित शीर्षक के हुन सक्छ? 2

★★★